२) यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता शेयर खरीदका लागि आवेदन दिनुपर्नेछ । १० (दश) कित्ता भन्दा बढि शेयरका लागि आवेदन दिंदा १० (दश) अंकको गुणन संख्यामा अधिकतम १,००,०००(एक लाख) कित्ता शेयरका लागि आवेदन दिन सक्नेछन् ।

**(ग) आवेदन दिंदा पालना गर्नु पर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने,लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक पचिरय पत्र र सम्बन्धिता व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**आयोजना प्रभावित पर्वत जिल्लाको मोदी खोला जलविद्युत आयोजनाका प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् :**

१. आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फाराम बुझाउनु पर्नेछ ।
२. १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फाराम बुझाउँदा पेश गर्नुपर्नेछ ।
३. १६ बर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि संरक्षकद्धारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।
४ विवाह भै आएका महिलाका हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनु पर्नेछ ।
५. बसाइसराइ गरि आएको हकमा आव्हानपत्र प्रकाशित हुनु भन्दा अघिल्लो दिनसम्म बसाइसराइ गरी आएको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।
६ माथि उल्लेखित हुन छुटेका वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित कार्यालयको सर्वदलिय संयन्त्रको निर्णय वा गाँउपालिकाको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र पेश गर्नुपर्नेछ ।
७. १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी पर्वत जिल्ला छोडि अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।
८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।
९ धितोपत्र खरीदगर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागि दरखास्त बुझाउनु पर्नेछ ।
१० आवेदन फाराम बुझाउँदा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फाराम बुझाउनु पर्नेछ ।
११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन पेश गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।
१२. आयोजना प्रभावित क्षेत्रका बासिन्दाबाट आवेदन माग गर्दा बसाईसराई वा अन्य कारणले बसाई सरेकाहरुले आवेदन दिन पाउने छैनन् ।
१३. साधारण शेयर खरीद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फाराम बुझाएको दरखास्त फारामलाई रद्द गरिनेछ ।
१४. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरीद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पूनः आवेदन दिन पाउने छैनन् ।
१५. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।
१६. रु.५०,०००/-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु

पर्नेछ ।

१७. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ ।

१८. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फाराम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ ।

१९. दरखास्त फाराममा अनिवार्य रुपमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ ।

२०. साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियवासीहरुले स्वेच्छिक रुपमा आस्वा प्रणाली मार्फत् आवेदन दिन सक्नेछन् ।

२१. उद्योग प्रभावित क्षेत्रका बासिन्दाबाट आवेदन गर्दा यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र अधिकतम १० अंकले भाग जाने गरी १,००० कित्ता सम्मका लागि आवेदन दिन सक्नेछन् ।

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा वसी रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

३.शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईट पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् ।

५.निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।

६. आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन्र यदि आवेदन गरेको पाईएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ ।

७. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

८. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थालेब्क्यब अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

९. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

१०. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

११. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

१२. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।

घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।

ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

च. आवेदकको हितग्राही -डिम्याट खाता नम्बर

१३. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन ।

१४. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।

१५. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१६. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१७. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

१८. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१९. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले

अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

२०. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र अधिकतम १० अंकले भाग जानेगरी १,००,००० (१० प्रतिशतले हुन आउने) कित्ता सम्मका लागि आवेदन दिन सक्नेछन् ।

**सर्वसाधारणले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम आबेदन दिन सक्नेछन् ।**

धितोपत्र खरीद गर्नका लागि दस्तखत दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशनमा Centralized Application for ASBA Based Issuance (C-ASBA) प्रणाली मार्फत् आबेदन संकलन गर्न आबद्ध आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तीनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।

१) C-ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुले उपरोक्त बमोजिम बुझिलिएको फाराम तोकिएको समयवधि भित्र (C-ASBA) प्रणालीमा प्रविष्टि गर्नुपर्ने छ ।

२) सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले उपलब्ध गराएको मेरो शेयर (Mero Share) मार्फत पनि आवेदन दिन सक्नेछन् ।

३) संगठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत जारी गरेको शेयर खरिदका लागि प्राकृतिक व्यक्तिले मात्र दरखास्त दिन सक्नेछन् ।

**ग.११ सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) **संगठित संस्थाको कार्यकारी, अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति :** सो नभएको ।

(ख) **आधारभूत शेयरधनी :**सो नभएको ।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य :**सो नभएको ।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको ।

**(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा :**सो नभएको ।

**(च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :**सो नभएको ।

(छ) आर्थिक वर्ष २०७७/०७८ मा सम्बन्धित पक्ष बीचको कारोबार देहाय बमोजिम रहेको छ ।

| सि. नं. | नाम | सम्बन्ध | कारोबार रकम | अन्तिम दिनुपर्ने रकम |
|---|---|---|---|---|
| १ | हाइड्रो सोलुशन प्रा. ली. | सञ्चालक | ९५,५८०।- | ५९,४२,९०८।- |
| २ | ओरिन्टल प्यारा डाइज टुर्स एण्ड ट्राभल्स प्रा. ली. | प्रबर्द्धक | ३९,३६०।- | ७,७००।- |
| ३ | नेपाल हाइड्रो डेभलोपर लिमिटेड | सञ्चालक | ३९,९६६।- | ३९,९६६।- |

**ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था सञ्चालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :**सो नभएको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या :**सो नभएको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कूल दिन र कूल कारोबार भएको धितोपत्र संख्या :**सो नभएको ।

**ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्युन हुन गएको भए यसरी फरक पर्नाको कारण :** सो नभएको ।

**ग.१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :**

**(क) लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

- **लेखापरीक्षक :** कम्पनीको आ.व.२०७७/७८ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण यूएच वाइ एशोसिट्सबाट गर्नुभएको छ ।
- निष्काशन बैंक (Banker to the Issue) : यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैकको नाम, ठेगाना | खाताको नाम | खाता नम्बर |
|---|---|---|---|
| १ | सनराइज बैंक लिमिटेड, कमलपोखरी, काठमाडौं । | SRCL MODI ENERGY LTD | ०६९०३७१११४७०१०२९ |

साथै, आवश्यकता अनुसार ३ दिन अगाडि बोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि

निष्काशन बैंकको रुपमा नियुक्त गर्न  सकिनेछ ।

वित्तिय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ : कम्पनी आफैलेतयार गरी विज्ञद्धारा प्रमाणित गराईएको।

- वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ : पि. के. एण्ड एशोसिट्सबाट गरिएको छ ।

**(ख)** माथी खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मूख्य मूख्य बूँदा तथा शर्तहरु :सो नभएको ।

**ग.१६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :** यो परियोजना निर्माण गर्नको लागि संस्थापक शेयरधनीहरुको स्वलगानी, तथा विभिन्न वाणिज्य बैकहरुबाट ऋण व्यवस्थापन गरिएको छ । कम्पनीले कर्जाको रकम निम्न बमोजिम भुक्तानी गर्नेछ ।

| सि.नं. | बैंक तथा वित्तीय संस्थाको नाम | कर्जा रकम | कर्जाको भुक्तानी अवधि | हालसम्म भुक्तान गरिएको कर्जा रकम | बांकी कर्जा रकम |
|---|---|---|---|---|---|
| १ | नेपाल इनभेष्टमेन्ट बैक लिमिटेड | ८९,१८,६०,०००।- | १८ वर्ष | १५,५५,२५३ ।- | ८९,०३,०४,७४६।- |
| २ | सनराईज बैंक लिमिटेड | १,५०,९१,३०,०००। - | १८ वर्ष | २६,३१,६६८।- | १,५०,६४,९८,३३२।- |
| ३ | ग्लोबल आइ एम इ बैंक लिमिटेड | ३५,७८,७०,०००।- | १८ वर्ष | ६,२४,०६५।- | ३५,७२,४५,९३५।- |
| ४ | नेपाल केडिट एण्ड कमर्स बैंक लिमिटेड | ३८,००,००,०००।- | १८ वर्ष | ६,६२,६५५।– | ३७,९३,३७,३४४।- |
| ५ | मेगा बैंक नेपाल लिमिटेड | ३८,१६,८०,०००।- | १८ वर्ष | ६,६५,५८५।- | ३८,१०,१४,४१४।- |
| ६ | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | २२,३६,७०,०००।- | १८ वर्ष | ३,९०,०४२।- | २२,३२,७९,९५७।- |
| ७ | सिद्धार्थ बैंक लिमिटेड | २६,९९,४०,०००।- | १८ वर्ष | ४,७०,७३०।- | २६,९४,६९,२७०।- |

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :** सो नभएको ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण : सो नभएको ।

**(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :** सो नभएको ।

**(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

यस सार्वजनिक निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा विक्री प्रवन्धकको कार्यालयको फोन नं. ०१ ४५२८६६० Ext # १०६ मा श्री अर्चना श्रेष्ठलाई सम्पर्क गर्न सकिनेछ ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरिद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्र संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :** हालसम्म ऋणपत्र जारी गरिएको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्था :** हालसम्म अग्राधिकार शेयर जारी गरिएको छैन ।

**ग.२२. अन्य सामान्य जानकारी :**

(क) **विशेषज्ञको कुनै राय भएमा सो को विवरण :**

प्रक्षेपित वित्तीय विवरण प्रमाण्ति गर्ने विज्ञले सो वित्तीय विवरणमा कुनै कैफियत जनाएको छैन ।

(ख) **गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

**१)** श्री शुलभ अग्रवालज्यूले आफ्नो कार्य व्यस्थताले गर्दा सञ्चालक पदबाट दिनु भएको राजिनामा मिति २०७९ मंसिर १६ गते सम्पन्न सञ्चालक समितिको ४६ औं बैठकबाट स्वीकृत गरी रिक्त सञ्चालक पदमा श्री सुभि अग्रवालज्यू लाई नियूक्त गरिऐको ।

**२)** श्री कुमुद कुमार दुगडज्यूले आफ्नो कार्य व्यस्थताले गर्दा सञ्चालक पदबाट दिनु भएको राजिनामा मिति २०७९ मंसिर २९ गते सम्पन्न सञ्चालक समितिको ४७ औं बैठकबाट स्वीकृत गरी रिक्त सञ्चालक पदमा श्री विकास दुगडज्यू लाई नियूक्त गरिऐको ।

३) स्वतन्त्र सञ्चालकमा श्रीमति रन्जना तिवारी ज्यूलाई  सञ्चालक समितिको मिति २०६९ जेष्ठ १७ गतको ४१औं बैठकबाट  नियूक्ति गरिएको ।

४( मोदी इन्भेष्टमेन्टको तर्फबाट प्रतिनिधित्व गर्नु भएको श्री ज्ञानेन्द्र लाल प्रधानको सट्टा श्री जहान सिंह फ्ुयाललाई मिति २०७९ मंसिर १६ गते सम्पन्न सञ्चालक समितिको ४६ औं बैठकबाट नियूक्त गरिएको ।

यस बाहेक अन्य सञ्चालक तथा लेखा परिक्षक परिवर्तन नभएको ।

(ग) **कम्पनी सचिवको विवरण**
**नाम :** श्री अनिसा कुवँर
**ठेगाना :** तारकेश्वर नगरपालिका वडा नं. २, काठमाण्डौ ।
**शैक्षिक योग्यता :** कानूनमा स्नातक

(घ) **सार्वजनिक निष्काशन गर्नको लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**
कम्पनीको संचालक समितिको मिति २०७८ साल माघ १६ गतेको ३८ औं बैठकले कम्पनीको जारी पुँजीको २५ प्रतिशतले हुन आउने रु.७२,५०,००,०००।- (अक्षरेपी बहत्तर करोड पचास लाख मात्र) बराबरको ७२,५०,००० कित्ता साधारण शेयर सर्वसाधारणलाई विक्रीको लागि सार्वजनिक रुपमा निष्काशन गर्ने प्रस्ताव आगामी वार्षिक साधारण सभा समक्ष स्वीकृतिको लागि पेश गर्ने निर्णय गरिएको ।

(ङ) **संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :**
संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष सुविधा दिइएको छैन ।

(च) **संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाहविवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**
कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, डिल्लीबजार, काठमाडौं र धितोपत्र निष्काशन तथा विक्री प्रवन्धक सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौंमा सम्पर्क राखी कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सकिनेछ ।

(छ) **बोनस शेयर सम्वन्धी व्यवस्थाः**
हालसम्म बोनश शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनश शेयर निष्काशन सम्वन्धी व्यवस्था अनुसार बोनश शेयर जारी गर्न सक्नेछ ।

(ज) **शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुराः**
कम्पनीको साधारण शेयरमध्ये हाललाई आयोजना प्रभावित पर्वत जिल्लावासीहरुको लागि १०% ले हुन आउने २९,००,००० कित्ता, वैदेशिक रोजगारमा रहेका नेपालीहरुको लागि १०% ले हुन आउने ४,३५,००० कित्ता, कम्पनीमा कार्यरत कर्मचारीहरुका लागि २% ले हुन आउने ८७,००० कित्ता र सामुहिक लगानी कोष योजनाको लागि ५% ले हुन आउने २,१७,५०० कित्ता शेयर सुरक्षित गरिएको छ ।

(झ) **कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्वन्धी उदघोषण**ः
कम्पनीले कम्पनी ऐन, २०६३ (संशोधन सहित)ले गरेको व्यवस्थाहरु, आफुले गर्ने व्यवसायसंग सम्वन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको छ र सोही निर्देशनहरुको दायराभित्र रहि कार्य गरिरहेको तथा यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ । साथै कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७७/७८ सम्मको पेश गर्नुपर्ने विवरणहरु पेश गरेकाले कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७८/१२/०२ मा कम्पनी अद्यावधिक सम्बन्धी पत्र प्राप्त गरेको छ ।

(ञ) **धितोपत्र विक्री वितरण सम्वन्धी व्यवस्थाः**
यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वित्तरत गर्न आयोजना प्रभावित क्षेत्र तथा सर्वसाधारण दुवैको लागि नेपाल धितोपत्र बोर्डको आस्वा प्रणालीमा आवद्ध बैक तथा वित्तीय संस्थगा मार्फत सि आस्वा प्रणालीबाट आवेदन दिन सकिने व्यवस्था भएको हुंदा आफ्नो खाता रहेको बैक तथा वित्तीय संस्था मार्फत वाहाल वाहाल सिडिएससीले प्रयोगमा ल्याएको मेरो शेयर मार्फत शेयर खरिदका लागि आवेदन गर्न सकिनेछ । सो देखि बाहेक आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा पर्वत जिल्लामा कम्तिमा तीन संकलन केन्द्रको थप व्यवस्था गरी आवेदन फाराम तथा विवरणपत्र वितरण र आवेदन फाराम सहित दरखास्त रकम बुझिलिने व्यवस्था गरिनेछ ।

(ट) **क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**
यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड काठमाडौंले मिति २०७९ पौष ०६ गते "IRN BB+Is" रेटिङ्ग प्रदान गरेको छ । जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) जनाउँदछ । इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले IRN AAA(Is) देखि IRN D(Is) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा IRN AAA(Is) ले बलियो आधार जनाउँछ भने IRN D(Is) ले कमजोर आधारहरु जनाउँछ । IRN B(Is), IRN C(Is), IRN D(Is) ले औषत भन्दा कम आधारहरु जनाउँछ । दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ । सो रेटिङ्गको बैधता अवधि एक वर्ष अर्थात २०८० पौष ०४ गते (December, 20, 2023) सम्म रहनेछ ।

(ठ) **विवरणपत्र तयार गर्नेव्यवसायीक संस्थाको नाम र ठेगाना सम्बन्धी विवरण :**
यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौं रहेको छ ।

(ड) **सकारात्मक पक्षहरु :** जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेकोले यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

(ढ) **शेयर रजिष्टार सम्बन्धी व्यवस्था :** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचकिरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

(ण) **साधारण शेयरको विक्री खुल्ला अवधी :** यस विवरण-पत्रद्वारा निष्काशन गरिएको आयोजना प्रभावित स्थानीय बासिन्दाहरुको लागि जारी गरिने शेयरको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढीमा ३० दिन खुल्ला रहनेछ । आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुको लागि निष्काशन गरी बिक्री बन्द भई शेयर बांडफांड भए पश्चात सर्वसाधारणको लागि निष्काशन खुल्ला गरिनेछ । सर्वसाधारणको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन र बढीमा १५ दिन हुनेछ ।

त) धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र लगानीकर्ताले सहज रुपमा हेर्न सक्नेछन् र लगानीकर्ताहरुलाई

सूचित निर्णय (Informed Decision) मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धक र निष्काशनकर्ता कम्पनी प्रत्येकको आफ्नो वेभसाइटमा धितोपत्र बिक्री बन्द नभएसम्म राखिनेछ ।

थ) बोर्डबाट स्वीकृत भएको विवरणपत्र सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराउने छौं ।

द) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा ९ को उपदफा ३ बमोजिम शर्तहरु पालना सम्बन्धी विवरण ।

१) आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नको लागि आवश्यक कार्यहरु अगाडि बढाई एक बर्षको अवधि पूरा गरेको:
मोदी इनर्जी लिमिटेडले प्रचलित कानुन बमोजिम २०५३ साल असोज १९ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि. कम्पनीको रुपमा दर्ता भै मिति २०७५ आषाढ ०७ गतेदेखि पब्लिक कम्पनीमा परिणत भै कम्पनी ऐन, २०६३ र विद्युत ऐन, २०४९ अन्तर्गत काम/कारोबार गर्दै आईरहेको छ । पर्वत जिल्लामा २० मे.वा. क्षमताको तल्लो मोदी खोला जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भैसकेको छ ।

२) प्रचलित कानुन बमोजिम लेखापरिक्षण तथा साधारणसभा सम्पन्न भएको : आ.व. २०७७/७८ को लेखा परिक्षण तथा साधारण सभा मिति २०७८।११।१० मा सम्पन्न भएको ।

३) **आफ्नो उदेश्य अनुसार कारोबार संचालन गर्नको लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट इजाजत अनुमति वा स्वीकृति लिनुपर्ने भएमा यस्तो इजाजत, अनुमति पत्र वा स्वीकृति लिईसकेको:**

| सि. नं. | सम्झौता/संशोधन | सम्झौता/संशोधन को मिति | सम्झौता/संशोधन गर्ने निकाय | सम्झौता/संशोधनको संक्षिप्त विषय वस्तु | सम्झौता बहाल रहने अवधि |
|---|---|---|---|---|---|
| १. | विद्युत खरीद बिक्री सम्झौता | २०६८/०५/२० | नेपाल विद्युत प्राधिकरण | आयेजनाबाट उत्पादन हुने विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणलाई प्राधिकरणको प्रशारण प्रणाली भएको ठाउँमा पुर्याई शर्त बन्देजका अधिनमा रही विद्युत शक्ति खरीद बिक्री गर्ने | ३० वर्ष |
| २. | विद्युत खरीद बिक्री सम्झौताको प्रथम संशोधन | २०७२/ ०५/२१ | नेपाल विद्युत प्राधिकरण | व्यापारीक उत्पादन शुरु हुनु पर्ने मिति संशोधन | - |
| ३. | विद्युत खरीद बिक्री सम्झौताको दोश्रो संशोधन | २०७५/ ०२/२९ | नेपाल विद्युत प्राधिकरण | व्यापारीक उत्पादन शुरु हुनु पर्ने मिति संशोधन | - |
| ४. | विद्युत खरीद बिक्री सम्झौताको दोश्रो संशोधन | २०७८/ ०६/०८ | नेपाल विद्युत प्राधिकरण | अनुसूची ६ र ७ थप गरिएको | - |

| सि. नं. | नियमन निकायबाट प्राप्त स्वीकृति /अनुमति/इजाजत | स्वीकृति/अनुमति /इजाजत प्राप्त मिति | स्वीकृति/अनुमति/इजाजत दिने निकाय | नियमन निकायबाट प्राप्त स्वीकृति/अनुमति/इजाजत को संक्षिप्त विषय वस्तु | स्वीकृति/अनुमति/ इजाजत बहाल रहने अवधि |
|---|---|---|---|---|---|
| १. | विद्युत उत्पादनको अनुमति पत्र | २०६७/०५/२१ | नेपाल सरकार, उर्जा मन्त्रालय | विद्युत उत्पादनसँग सम्बन्धित मूख्य संरचनाहरु, जडित क्षमता, तथा अन्य शर्ताहरु । | मिति २०६७/०५/२१ देखि २१०२/०५/२० सम्म |
| २. | विद्युत उत्पादनको अनुमति पत्रको पहिलो संशोधन | २०६८/०५/०१ | नेपाल सरकार, उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभाग | विद्युत उत्पादनसँग सम्बन्धित मूख्य संरचनाहरु, तथा अन्य शर्ताहरु । | ीमिति २१०२/०५/२० सम्म |
| ३. | विद्युत प्रशारणको सर्वेक्षणको अनुमति पत्र | २०७५/ ०८/०९ | नेपाल सरकार, जलश्रोत मन्त्रालय | सम्भाव्यता तथा वातावरणिय प्रभाव, मुल्यांकन अध्ययन | २०७५/०८/०९ देखि २०७७/०८/०८ सम्म |

| सि. नं. | प्रबन्ध पत्र तथा नियमावली मा भएको संशोधन | सम्बन्धित दफा | संशोधनको विषय | संशोधन स्वीकृत भएको सञ्चालक समितिको स्वीकृत भएको मिति तथा निर्णय नम्बर | स्वीकृत गर्ने साधारण सभाको मिति | कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति |
|---|---|---|---|---|---|---|
| १. | प्रबन्ध पत्र | द्यफा ६ (क), ६ (ख) | अधिकृत तथा जारी पुँजी वृद्धि | मिति २०७७।१२।०६ गते सम्पन्न ३० औं बैठक | २०७७।१२।३० | २०७८।०२।०६ |
| २. | प्रबन्ध पत्र | दफा ६ (क), ६ (ख) | अधिकृत तथा जारी पुँजी वृद्धि | मिति २०७८।१०।१६ गते सम्पन्न ३८ औं बैठक | मिति २०७८।११।१० | २०७८।१२।०२ |
| ३. | नियमावली | नियम २३ | गणपुरक संख्या | मिति २०७८।१०।१६ गते सम्पन्न ३८ औं बैठक | मिति २०७८।११।१० | २०७८।१२।०२ |

आफ्नो उदेश्य अनुसार कारोबार संचालन गर्नको लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट इजाजत अनुमति वा स्वीकृति लिनुपर्ने भएमा यस्तो इजाजत, अनुमति पत्र वा स्वीकृति लिईसकेको २० मे.वा क्षमताको मोदी इनर्जी लिमिटेडलाई उक्त आयोजना संचालनका लागि नेपाल सरकार, विद्युत विकास विभागबाट मिति २०६७ साल भाद्र २१ मा २० मे.वा. का लागि इजाजत पत्र प्राप्त गरेको ।

४) संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरीद वा अन्य प्रकारको व्यवसाय गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निमार्ण कार्य गरिसकेकोः यस परियोजनाको लागि आवश्यक पर्ने जग्गा खरीद गरी कार्यालय भवन लगायत परियोजनाको निमार्ण कार्य सम्पन्न गरि व्यवसायिक रुपमा उत्पादन सुरु भईसकेको ।

५) उत्पादनको प्रवृत्ति छनोट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपूर्जा आदि खरीद गर्नुपर्ने भएमा टेण्डर आदि खरीद प्रकृया अगाडि बढाईसकेकोः यस आयोजनाको सिभिल संरचना, हाइड्रो मेकानिकल ईक्वीपमेन्ट र ईलेक्ट्रो मेकानिकल ईक्वीपमेन्टहरु खरीद गर्नुका साथै जडान कार्य सम्पन्न गरि व्यवसायिक रुपमा विद्युत उत्पालन मिति २०७८।०६।१४ गते बाट सुरु भईसकेको ।

६) धितोपत्रको सार्वजानिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता भइसकेको : मोदी इनर्जी लिमिटेडले धितोपत्रको सार्वजानिक निष्काशन सम्बन्धमा सन्राइज क्यापिटल लिमिटेडलाई निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा नियुक्ति गरी मिति २०७८।०३।०४ मा सम्झौता भैसकेको ।

७) आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएकोः आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको ।

८) संस्थापकले लिन कबुल गरेको धितोपत्र रकम शत प्रतिशत चुक्ता भइसकेकोः संस्थापकले लिन कबुल गरेको मोदी इनर्जी लिमिटेडले माग गरेको धितोपत्र बराबरको सम्पूर्ण रकम मिति २०७९।०१।०८ चुक्ता भइसकेको ।

**ग.२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत :**

| क.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री पशुपति मुरारका, सिराहा, लाहान ०७ | अध्यक्ष | |
| २ | श्री विकास दुगड, मोरङ्ग, विराटनगर ०८ | संचालक | |
| ३ | श्री जहान सिंह फुयाल , महोत्तरी बर्दीबास | संचालक | |
| ४ | श्री दिपक कुमार मुण्डरा, मोरङ्ग, विराटनगर ०९ | संचालक | |
| ५ | श्रीमति सुभि अग्रवाल, का.म.न.पा वडा नं. ४ | संचालक | |
| ६. | श्रीमति रन्जना तिवारी | सञ्चालक | |

ग.२४. निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

सन्राइज क्यापिटल लिमिटेड
**SUNRISE CAPITAL LTD.**
Subsidiary of SUNRISE BANK LIMITED

च.नं.६२३/०७९/०८०

मिति २०७९/०९/०७

श्री नेपाल धितोपत्र बोर्ड,
संस्थागत वित्त विभाग
जावलाखेल, ललितपुर ।

**विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।**

महाशय,

**बागमति अंचल ,काठमाण्डौं जिल्ला, डिल्लीबजार ठेगाना भएको मोदी इनर्जी लिमिटेडले सर्वसाधारणहरुका लागि जारी गर्न लागेको रु.१००/– अंकित दरको ७२,५०,००० कित्ता साधारण** शेयर निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । साधारण शेयर सर्वसाधारणमा निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउंदछौं ।

१. कम्पनीको “विवरणपत्र” मा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहां पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन,२०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचिकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. कम्पनीले निष्काशन गर्न लागेको प्राथमिक शेयरका लागि आवेदन दने आवेदकहरुलाई “विवरणपत्र” तथा दरखास्त फाराम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।

५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा उल्लेखित सबै कुराहरुको अध्ययन गरेका छौ । उक्त व्यवस्थाहरुसंग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौ ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

सन्राइज क्यापिटल लिमिटेडको तर्फबाट

नाम : बिजय लाल श्रेष्ठ
पद : प्रमुख कार्यकारी अधिकृत

सही :

कार्यालयको छाप :

SUNRISE CAPITAL LTD.

PIONEER IN MERCHANT BANKING.

Licensed by Securities Board of Nepal • Issue Management • Share Registrar • Share Underwriting • Portfolio Management • Depository Participant • Fund Manager • Advisory

ग.२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

P.K & Associates

Chartered Accountants

Tebahal, Kathmandu, P.O. Box No. 2132, Ph.-4222538

Date: 2022-09-12

To,
The Board of Directors
Modi Energy Ltd.
Kathmandu, Nepal

**Subject: Review of Projected Financial Statement**

Dear Sir,

As per the aforesaid subject and as per your request we have reviewed the unaudited financial statement of ***Modi Energy Ltd.*** for FY: 2078|79 and projected financial statement of ***Modi Energy Ltd.*** for FY: 2079|80 to FY: 2083|84, in accordance with Nepal Standard on Assurance Engagement 3400, "The examination of Prospective Financial Information" issued by the Institute of Chartered Accountants of Nepal. The preparation of the projection including the assumptions set out in Projected Financial Statement, is the responsibility of the management.

This projection has been prepared as one of the pre-requisites of Security Board of Nepal (SEBON) for approval to issue Initial Public Offering (IPO) of shares of the company. The projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, users are cautioned that this projection may not be appropriate for purpose other than that described above.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention, which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection. Further, in our opinion the projection is properly prepared based on the assumptions to the Projected Financial Information and on a consistent basis with the historical financial statements, using appropriate accounting principles.

Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projections since other anticipated events frequently do not occur as expected and the variation may be material.

We have not performed an audit for the same & accordingly, we do not express an audit opinion on it. Because of its special nature, our review report may not be used for any other purpose other than to assist the management in matters related to Public Offering of its Share & such is limited for the same only. The terms of reference for this engagement have been established with our agreement & will not accept responsibility to any other party to whom the report may be shown or who may acquire a copy of the same.

Your Truly,

CA. Parul Kedia
*(Proprietor)*

P. K. & Associates
Chartered Accountants
UDIN: 220912CA00694bJkC3